# माछेव्याड लिफ्ट खानेपानी तथा सरसफाई उपभोक्ता समिति

धुर्कोट गाउँपालिका वडा नं. ७ , गुल्मी

## शिलबन्दी दरभाउपत्र सम्बन्धि सुचना

**प्रथम पटक प्रकाशित मितिः २०७४/१०/१५**

धुर्कोट गाउँपालिका/पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजना दोस्रो चरण गुल्मी अन्तरगत धुर्कोट गाउँपालिका वडा नं. ७ वाग्लामा संचालित माछेव्याड लिफ्ट खानेपानी तथा सरसफाई योजनाको लागि तपशिलमा उल्लेखीत समरसिबल पम्प ,पम्प फिटीङ्गस तथा औजारहरु खरिद ढुवानी तथा जडान गर्नका लागि इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायर्सहरुवाट शिलबन्दी दरभाउ पत्र (कोटेशन) मार्फत खरिद गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

**कोटेशन नं. ३ समरसिबल पम्प ,पम्प फिटीङ्गस तथा औजारहरु खरिद ढुवानी तथा जडान**

**लागत अनुमान रकमः १०,४६,८२६( दश लाख छयालीस हजार आठ सय छब्बीस रुपैया मात्र) भ्याट बाहेक**

**( विस्तृत विवरण कोटेशन फारामसगै उपलब्ध गराइनेछ ।)**

**नोटः**

१. शिलबन्दी दरभाउ पत्र (कोटेशन) उपभोक्ता समितिको कार्यालय, धुर्कोट गाउपालिकाको कार्यालय/वास ईकाई गुल्मीमा, जिल्ला समन्वय समितिको कार्यालय/प्राविधिक सहयोग इकाइ गुल्मीबाट सोझै प्राप्त गर्न सकिने छ र शिलवन्दी दरभापत्र सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिन भित्र कार्यालय समयमा उपभोक्ता समितिको कार्यालय, धुर्कोट गाउंपालिकाको कार्यालय/वास ईकाई गुल्मीमा र जिल्ला समन्वय समितिको कार्यालय/प्राविधिक सहयोग इकाइ गुल्मीमा पेश गरि सक्नु पर्नेछ ।

२. ईच्छुक फर्म वा सप्लायर्सले आफ्नो आधिकारीक निवेदन पत्रका साथ भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, फर्म वा सप्लायर्स दर्ता/नविकरण प्रतिलिपि र अध्यावधिक आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरेमा मात्र शिलबन्दी दरभाउ पत्र (कोटेशन) उपलब्ध गराउन सकिनेछ ।

३. सामाग्रीहरुको विस्तृत विवरण दरभाउ पत्र (कोटेशन)मा उपलब्ध गराईने छ ।

४. शिलबन्दी दरभाउ पत्र (कोटेशन) निःशुल्क रुपमा उल्लेखित स्थानवाट प्राप्त गर्न सकिन्छ ।

५. प्राप्त शिलबन्दी दरभाउ पत्र (कोटेशन) हरु सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउसो दिनको ११:०० बजे धुर्कोट गाउ कार्यपालिकाको कार्यालय जैसिथोक बर्वोटमा, उ.स.खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

६. दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिमा सुरक्षित रहनेछ ।

७. रित नपुगी आएका तथा म्याद नाघी आएका दरभाउ पत्र उपर कुनै कार्वाही हुनेछैन ।

..............................

खरिद समिति संयोजक

..........................................**विस्तृत जानकारीका लागिः**...........................................................


खरिद समिति संयोजकः श्री तिर्थराज पन्थी मो.नं. ९७४७०६०१३५

अध्यक्षः श्री यमलाल पन्थी मो.नं. ९७४७०५८७८७

उपभोक्ता समितिः माछेव्याड लिफ्ट खानेपानी तथा सरसफाई उपभोक्ता समिति

कार्यालयको ठेगाना : धुर्कोट गाउँपालिका–७ वाग्ला, गुल्मी